रामेछाप नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
रामेछाप बजार, रामेछाप
बागमती प्रदेश, नेपाल

फोन नं. ०४८-४०० ११७ (प्रमुख)
०४८-४०० ११८ (उपप्रमुख)
०४८-४०० ११६ (प्र.प्र.अधिकृत)
०४८-४०० ११२ (प्रशासन)

प.सं.: ०८०/०८१
च.नं.: १०८९

मिति:२०८०/१०/०८
ने.स.:११४४ पोहेलाथ्व, १२ सोमवार

**विषय: सूचना पठाईएको सम्बन्धमा।**

श्री वडा कार्यालयहरु सबै
रामेछाप नगरपालिका, रामेछाप ।

प्रस्तुत विषयमा रामेछाप नगरपालिकाको कृषि विकास शाखाको आ.व. २०८०।०८१ मा संचालन हुने वार्षिक स्वीकृत कार्यक्रम अनुसार स्थानीय स्तरमा कृषक समुह मार्फत मकै बीउ उत्पादन ५० प्रतिशत लागत साझेदारी कार्यक्रम र मकै बाली प्रवर्द्धन कार्यक्रम ५० (प्रतिशत) अनुदान सम्बन्धित सूचना २ प्रति यसै पत्र साथ संलग्न राखि पठाईएको व्यहोरा अनुरोध छ । उक्त सूचना तहाँ वडा कार्यालयको सूचना पाटीमा टाँस गरी कृषकहरुलाई जानकारि गराई दिनु हुन अनुरोध छ ।

.................
लवश्री विश्वकर्मा
कृषि प्रसार अधिकृत (छैठौं)

लवश्री विश्वकर्मा
कृषि प्रसार अधिकृत (छैठौं)

www.ramechhapmun.gov.np
Email: ramechhapmun@gmail.com

CamScanner

रामेछाप नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
रामेछाप बजार, रामेछाप
बागमती प्रदेश, नेपाल

फोन नं. ०४८-४००११७ (प्रमुख)
०४८-४००११८ (उपप्रमुख)
०४८-४००११६ (प्र.प्र.अधि्त)
०४८-४०००१२ (प्रशासन)

प.सं.:

च.नं.:

# मकै बीउ उत्पादन कार्यक्रममा प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना ।

**प्रथम पटक प्रकाशित मिति २०८०/१०/०८ गते**

रामेछाप नगरपालिकाको चालु आ.व.२०८०/०८१ को नगर स्तरीय कृषि विकास कार्यक्रम अनुसार **स्थानीय स्तरमा कृषक समुह मार्फत मकै बीउ उत्पादन कार्यक्रम** अन्तर्गत मकै बालीको बीउ उत्पादक कृषक समुहलाई ५०% लागत साझेदारीमा कार्यक्रम संचालन गर्नुपर्ने भएकोले रामेछाप नगरपालिका भित्र दर्ता भई संचालनमा रहेका ईच्छुक कृषक समुहहरुले यो सूचना प्रकाशन भएको मितिले **२१ (एक्काइस) दिन भित्र वा मिति २०८०/१०/२८ गते** सम्म रामेछाप नगरपालिका कृषि विकास शाखामा आवेदन पेश गर्नुहुन सूचित गरिन्छ ।साथै रित नपुगेका वा म्याद नाघि प्राप्त हुन आएका प्रस्तावहरु छनौटको लागि समावेश गराउन नसकिने व्यहोरा समेत जानकारी गराईन्छ ।

तपशिल

| क्र.स. | कार्यक्रमको नाम | कुल बजेट रु. | अनुदानको किसिम | कैफियत |
|---|---|---|---|---|
| १ | **स्थानीय स्तरमा कृषक समुह मार्फत मकै बीउ उत्पादन कार्यक्रम** | रु. ३०००००।- | ५० (प्रतिशत) | • मकैको बीउ उत्पादन कार्यक्रमको लागि कम्तिमा ५० रोपनीमा खेती गर्नु पर्नेछ । |

**आवश्यक कागजातहरुः**

- निवेदन ।
- कृषक समुह दर्ता प्रमाण पत्र स्थायी लेखा नं. र कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि।
- कृषक समुह बैठक निर्णयको प्रतिलिपि।
- कार्यक्रमबाट लाभान्वित हुने कृषकको नागरिकताको प्रमाण पत्र र जग्गाधनी प्रमाण पत्रको प्रतिलिपि
- संचालित कार्यक्रमको अनुमानित लागत इष्टिमेट ।
- सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र ।

प्रमुख प्रशासकीय अधिकृत



CamScanner

रामेछाप नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
रामेछाप बजार, रामेछाप
बागमती प्रदेश, नेपाल

फोन नं. ०४८-४००११७ (प्रमुख)
०४८-४००११८ (उपप्रमुख)
०४८-४००११६ (प्र.प्र.अधिृत)
०४८-४०००१२ (प्रशासन)

प.सं.:
च.नं.:

# मकैको बीउ माग गर्ने सम्बन्धी सूचना ।

**प्रथम पटक प्रकाशित मिति २०८०/१०/०८ गते**

रामेछाप नगरपालिकाको चालु आ.व.२०८०/०८१ को संघीय सशर्त कृषि विकास कार्यक्रम अनुसार **मकैबाली प्रवर्द्धन कार्यक्रम** अन्तर्गत मकै बालीको उन्नत/नेपाली हाइब्रिड बीउ कृषकहरुलाई ५०% अनुदानमा वितरण कार्यक्रम रहेकोले रामेछाप नगरपालिकाको सम्पुर्ण कृषकहरुले तपसिलमा उल्लेखित बीउको जात र परिमाण खुलाई यो सूचना प्रकाशन भएको मितिले **२१ (एक्काइस) दिनभित्र वा मिति २०८०/१०/२८ गते सम्म** ५०% रकम सहित सम्बन्धित वडा कार्यालयमा वा रामेछाप नगरपालिका कृषि विकास शाखामा आवेदन पेश गर्नुहुन सूचित गरिन्छ ।साथै म्याद नाघि प्राप्त हुन आएका निवेदनहरुलाई छनौटको लागि समावेश गराउन नसकिने व्यहोरा समेत जानकारी गराईन्छ ।

**तपशिल**

| क्र.स. | वालीको नाम र प्रकार | वालीको जात | परल मुल्य | अनुदानको किसिम |
|---|---|---|---|---|
| १ | मकै (खुल्ला सेचित) | मनकामना-३, मनकामना-४, देउती र रामपुर कम्पोजिट | प्रति के.जि. रु. १३०।- | बीउ बिजन उत्पादन आपुर्ति तथा व्यवस्थापन निर्देशिका २०७८ दफा १० बमोजिम (५० प्रतिशत) |
| २ | मकै (नेपाली हाइब्रिड) | रामपुर-१०, १२ र १६ | प्रति के.जि. रु. ३४०।- | |

**आवश्यक कागजातहरु:**

१. निवेदन र नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपि ।
२. कृषक समुह सहकारीको हकमा एकमुष्ठ विवरण र संस्थागत निर्णयको प्रतिलिपि ।

प्रमुख प्रशासकीय अधिकृत



CamScanner